म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ४९ २०८१ पुस २१ गते आइतबार 5 January 2025, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




# पारस खड्काले गरे गौरिटार क्रिकेट रंगशालाको अवलोकन

समाज संवाददाता

हेटौंडा : नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले हेटौंडा-६ स्थित गौरीटार रंगशालामा निर्माण भइरहेको क्रिकेट मैदानको स्थलगत अवलोकन गर्नुभएको छ । हेटौंडा हुँदै जनकपुर जाने क्रममा क्यान सचिव खड्काले गौरीटारमा निर्माणाधिन क्रिकेट मैदानको स्थलगत अवलोकन गर्नुभएको हो ।

सचिव खड्कासहित प्रवक्ता छ्मी लामा, मकवानपुर क्रिकेट संघका पदाधिकारी लगायतले क्रिकेट मैदान अवलोकन गरेका हुन् । उहाँले हेटौंडामा क्रिकेटका लागि पूर्वाधार निर्माण भइरहेको प्रति खुसी व्यक्त गर्नुभयो । क्रिकेट खेलको विकासका लागि पूर्वाधार निर्माणमा प्रदेश सरकारले गरेको लगानी सकारात्मक रहेको खड्काले बताउनुभयो ।



क्रिकेट खेलको पूर्वाधार तिव्र गतिमा भइरहेको र छिट्टै नै राष्ट्रियस्तरका खेलहरु खेलाउन सकिने अवस्था रहेको सचिव खड्काले बताउनुभयो । देशमा स्तरीय खेल पूर्वाधारका लागि संरचना तथा पूर्वाधार अभाव रहेका बखत सो संरचनाले क्रिकेट प्रतियोगिता संचालनमा सहजता मिल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले संरचनासँगै खेलाडी उत्पादन र प्रोत्साहनमा सरकारले काम गर्न जरुरी रहेको औँलाउनुभएको छ । खड्काका अनुसार क्रिकेट संघले आफ्नो तर्फबाट क्रिकेटको विकास र खेलाडी उत्पादन प्रोत्साहनमा पर्याप्त पहल गरिरहेको छ । संघको पहलमा सबै पक्षको सहकार्य र समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो ।

सचिव खड्काले क्रिकेट संघका तल्लो तहका संरचनाहरुलाई बलियो बनाउन जरुरी रहेको उल्लेख गर्नुहुँदै आर्थिक रुपले जिल्ला र प्रदेशमा रहेको क्रिकेट संघलाई बलियो बनाएर पूर्वाधार तथा खेलाडी उत्पादनमा काम गर्नुपर्ने स्पष्ट पार्नुभयो । हालै सम्पन्न नेपाल प्रिमियर लिग (एनपिएल) ले नेपाली क्रिकेटको उचाई थप बढाउन मद्दत गरेको उहाँले बताउनुभयो । एनपिएलले खालाडीहरुको क्षमता विकाससँगै प्रतिभा प्रस्फुटनमा सहयोग मिलेको सचिव खड्काले बताउनुभयो ।












# सम्पादकीय

## मउवासंघको सदस्यता विवाद

अहिले मकवानपुरमा उद्योगी, व्यवसायीको नेतृत्व चयनको विषयले व्यापक चर्चा पाइरहेको छ । मकवानपुर उद्योग वाणिज्य संघ (मउवासंघ) को साधारणसभा तथा निर्वाचनको मिति नजिकिँदै जाँदै बजारमा संघको नेतृत्वबारे चर्चा व्यापक बनेको हो । निर्वाचनअघि व्यवसायीको हक हितका लागि आफूले मात्र काम गर्न सक्ने दावी नेतृत्वका आकांक्षीले गरिरहेका छन् । निर्वाचनभन्दा करिब एक महिना अघिदेखि प्यानल नै बनाएर नेतृत्वका आकांक्षीहरु व्यवसायी फकाउन व्यस्त छन् । निर्वाचनको मिति नजिकिँदै जाँदा हेटौंडा बजारको सडकपेटी तथा चोकहरुमा बाक्लै उम्मेदवारको प्रचार सामग्री ठड्याइएका छन् । आकांक्षीहरुले धमाधम उम्मेदवारी घोषणासमेत गरिरहेका छन् । मउवासंघको नेतृत्वका आकांक्षी निर्वाचन परिणाम आफ्नो पक्षमा पार्न सक्रिय भइरहँदा संघको सदस्यता विवाद सतहमा आएको छ । एक हप्तापछि निर्वाचन हुनुपर्ने अवस्थामा सदस्यताको मताधिकारका विषयमा विवाद देखिएको हो ।

मउवासंघको सदस्यता विवाद संघभित्र मात्र सिमित रहेन । संघको वर्तमान कार्यसमितिका वरिष्ठ उपाध्यक्ष एवम् आसन्न निर्वाचनमा अध्यक्षका आकांक्षी अनिल अग्रवाल स्वयम् सदस्यता विवादको विषयलाई लिएर प्रशासनमा निवेदन दिन पुगेका छन् । अग्रवालले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा पुगेर सहायक प्रमुख जिल्ला अधिकारी ढोलकराज ढकाललाई निवेदन दिएका हुन् । संघमा एसोसिएटतर्फ सदस्यता स्थानान्तरण गरेका ९ जना सदस्यको तर्फबाट अग्रवालले प्रशासनमा निवेदन दर्ता गराएका छन् । एसोसिएटतर्फ स्थानान्तरण गरेका सदस्यको मताधिकार कायम हुनुपर्ने माग गर्दै उनले जिल्ला प्रशासन कार्यालयमा बुधबार निवेदन दिएका हुन् । संघको गत पुस १६ गतेको कार्यसमिति बैठकले निर्वाचनअघि एसोसिएटतर्फ स्थानान्तरण हुने सदस्यलाई साविककै क्षेत्रमा मताधिकार रहने गरी निर्णय गरेको थियो । उक्त निर्णयमा वरिष्ठ उपाध्यक्ष अग्रवालसहित ४ जनाले "नोट अफ डिसेन्ट" लेखेका थिए ।

सदस्यता नवीकरण गर्ने अन्तिम दिन पुस ९ गते आसन्न निर्वाचनमा अध्यक्षका अर्का प्रत्यासी प्रमोद सिंह रानाभाट समूहबाट २ जना सदस्यले अन्य समूहबाट एसोसिएटतर्फ स्थानान्तरण गर्ने प्रयास गरेपछि अग्रवाल समूहका ९ जनाले पनि अन्य समूहबाट एसोसिएटतर्फ स्थानान्तरणका लागि निवेदन दिएर शुल्कसमेत बुझाएको बताइएको छ । सदस्यता स्थानान्तरण र मताधिकारसम्बन्धी विवाद भएपछि सदस्यको मागबमोजिम मताधिकार दिँदा निर्वाचनको परिणाममै प्रत्यक्ष प्रभाव देखिने भन्दै साविककै क्षेत्रमा मताधिकार रहने निर्णय गरेको संघका वर्तमान अध्यक्ष कृष्णकुमार अग्रवालले बताएका छन् । प्रभावशाली छवि भएका सदस्यहरुले आफ्नो सदस्यता एसोसिएटमा परिमार्जन गर्न माग गर्दै निवेदन दिएका कारण निर्वाचनमा ठूलो प्रभाव पर्न सक्ने सम्भावना प्रबल देखिएको छ । संघको विधानबमोजिम आवश्यक कागजातसहित निवेदन पेश गरी निवेदनमा कार्यालय प्रमुखले तोक लगाएर १० हजार रुपैयाँ शुल्कसमेत बुझाइसकेकाले एसोसिएटतर्फ नै सदस्यतासँगै मताधिकार कायम हुनुपर्ने माग छ । संघको विधानमा भने सदस्यता प्राप्त गरेको एक वर्षपछि मात्र सदस्यलाई मताधिकार प्राप्त हुने व्यवस्था रहेको छ ।

विगत केही वर्षदेखि मउवासंघमा विभिन्न प्रकारका विवाद देखिने गरेको छ । निर्वाचनको समयमा विभिन्न प्रतिवद्धता र आश्वासन दिएर पदमा पुगेकाले मनलाग्दी निर्णय र काम गर्दा विवाद हुँदै आएको छ । अघिल्लो निर्वाचनको समयमा २ हजार ९ सय ७ जना सदस्य रहेको संघमा अहिले २ हजार ९२ जना सदस्यमात्र कायम भएको छ । ८ सयभन्दा बढी सदस्य घट्नुमा संघप्रति उद्यमी, व्यवसायीको विश्वास र भरोसा कमजोर भएको स्पष्ट हुन्छ । २८ प्रतिशतको हाराहारी सदस्यको साथ गुमाएको मउवासंघको निर्वाचनको पूर्वसन्ध्यामा देखिएको सदस्यता र मताधिकार विवादले संघको छविलाई थप कमजोर बनाउने निश्चित छ । एसोसिएट्समा स्थानान्तरण भएका सदस्य पुरानै भएकाले मताधिकार पाउनुपर्ने सदस्यहरुको दावी र नयाँ सदस्य बनेको एक वर्षपछि मात्र मतदान गर्न पाउने वैधानिक व्यवस्थामा देखिएको विरोधाभाषलाई स्थानीय प्रशासनले टुंगो लगाउने सम्भावना भए पनि यो विवादले संघको वर्तमान नेतृत्व र भावी नेतृत्वको आकांक्षीलाई पर्छ भन्ने समयले बताउला ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |



## तपाईंको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक योगका काममा खर्च बढ्ने समय छ ।
**वृष** : जिद्धीपन र हठ त्याग गर्दा राम्रो रहने छ ।
**मिथुन** : लेखाई–पढाईका काममा सरिक भइने समय छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**सिंह** : आहार–विहारमा अनुशासन पालन गर्दा राम्रो होला ।
**कन्या** : लेखाई–पढाई मध्यमकारक नै मान्नुपर्दछ ।
**तुला** : हाकिमको कचकचले मन विचलित हुने समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा मन जाने समय छ ।
**धनु** : अध्ययन–अध्यापनका क्षेत्रहरु मध्यमकारक छन् ।
**मकर** : घमण्ड र अहंकार त्याग गर्दा राम्रो रहने समय छ ।
**कुम्भ** : अध्ययन–अध्यापनका क्षेत्रहरु सफल रहलान् ।
**मीन** : पारिवारीक दायित्व बढ्ने समय योग रहेको छ ।

# २०८४ को निर्वाचनमा हुन्छ चाहि के ?



✍बिशभ अधिकारी

सबैले २०८४ मा हुने निर्वाचनको चर्चा गर्छन् । अझ रास्वपाले ८४ मा बहुमत ल्याउने डंका समेत पिट्यो । रबि लामिछाने ठगी प्रकरणमा मुछिएपछि रास्वपाको बहुमत ल्याउने स्वर मधुर भएको छ । एमाले पनि आगामी ८४ कै निर्वाचनमा बहुमत ल्याउने भन्छ । कांग्रेस झन् ठूलो पार्टी, उसको झन् कुरै भएन । नयाँ दलहरूको उदयको सम्भावना पनि प्रबल छ । नेपालको राजनीतिक परिदृश्यमा प्रत्येक निर्वाचनले नयाँ सम्भावना र चुनौतीहरूको संकेत गर्दछ ।

२०८४ को आगामी निर्वाचनमा, मुख्य दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, र माओवादी केन्द्रको वर्चस्वलाई चुनौती दिन नयाँ दलहरूको भूमिकाबारे विश्लेषण गर्नु महत्वपूर्ण छ । विगतका निर्वाचनहरुका नतिजाहरु र हालको राजनीतिक परिदृश्यलाई आधार मान्दै नयाँ दलहरूको सम्भावना कति बलियो छ भनेर आकलन गर्न सकिन्छ । कांग्रेस, एमाले, माओवादी लामो समय सरकारमा रहे । शासनसत्तामा रहँदा यिनीहरुले जनताको अपेक्षा र भरोसा पूरा गर्न सकेनन् । नेपाली जनतालाई सबैखाले गठबन्धनको अनुभव छ, सबै गठबन्धन असफल र स्थायी हुन सकेन । अहिले कायम भएको कांग्रेस-एमाले गठबन्धनको यात्रा पनि असफलताको बाटोमा छ ।

स्थायित्व र संविधान संशोधनको मुद्दा उठाएर गठन भएको वर्तमान सरकार संकटमा परिसकेको छ । सरकार र प्रतिपक्षमा रहनुपर्ने दल दुबै मिलेर सरकार निर्माण गर्नु अस्वाभाविक र नौलो अभ्यास हो । तर यो सरकार पनि ढल्ने चर्चाले राजनीतिक वृत्त तरंगित छ । यी असफल भए अब बाँकी विकल्प छैन । यस्तो अवस्थामा जनताले नयाँ दल वा नयाँ विकल्प खोज्ने अवस्था रहन्छ ।

नेपालको राजनीतिक इतिहासमा परम्परागत दलहरुप्रतिको असन्तोष बढ्दो छ । कुशासनले गर्दा २०८० को उपनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीजस्तो नयाँ दलको उदय त्यसैको परिणाम हो । परम्परागत दलहरूप्रति अविश्वास र उनीहरुको कमजोर नेतृत्वले नयाँ दलहरुको लागि अवसरको झ्याल खुल्न सक्छ ।

२०८४ को निर्वाचनमा युवा मतदाताहरु निर्णायक बन्न सक्छन् । देशका ५०% भन्दा बढी जनसंख्या ३५ वर्ष मुनिका छन्, जसले पारम्परिक दलहरुको पुरानो एजेण्डाभन्दा परिवर्तनकारी नीतिहरु खोजिरहेका छन् । नयाँ दलहरूले यी मतदाताहरुलाई आकर्षित गर्न, रोजगारी, प्रविधि, शिक्षा, र आर्थिक सुधारजस्ता मुद्दाहरुलाई प्राथमिकतामा राख्न सक्दा नयाँले आकर्षित गर्ने सम्भावना रहन्छ ।

नयाँ दलहरूको सम्भावनालाई सीमित गर्ने मुख्य चुनौती उनीहरुको संगठनात्मक संरचना हो। नयाँ दलहरुले दीर्घकालीन प्रभाव कायम राख्न, बलियो संगठनात्मक आधार, स्पष्ट एजेण्डा, र विश्वसनीय नेतृत्व निर्माण गर्न आवश्यक छ । परम्परागत रूपमा, नेपाली राजनीति गठबन्धनमा आधारित छ । २०८४ मा पनि यो परिपाटी जारी रहने देखिन्छ । नयाँ दलहरूले परम्परागत दलहरूसँग गठबन्धन गर्नुहुँदैन, तिनीहरूलाई अलग चुनौती दिने रणनीति बनाउनुपर्छ ।

रबि लामिछानेले "नो, नट अगेन" भने, पुराना नेता काम छैन भने । तर तिनकै पुच्छर समातेर सरकारमा जाने काम भयो । जनताले प्रतिपक्षमा बस्ने म्यान्डेट दिएकोमा गृहमन्त्री नै चाहिने जुन चरित्र र प्रवृत्ति देखियो, यसले पनि रास्वपाको लोकप्रियता स्खलित हुन पुग्यो। तसर्थ नयाँ भन्ने दलहरू कार्यक्रमिक रूपमा सशक्त देखिनु जरूरी छ ।

रास्वपाको भविष्य अन्योल रहेको वर्तमान परिप्रेक्ष्यमा अर्को वैकल्पिक शक्तिको उदय हुन सक्ला भन्न सक्ने अवस्था छैन । आम जनता बालेनलाई पनि आशाको नजरले हेरेका छन । स्वतन्त्र मेयरमा बालेन साहले जितेपछि जनता विकल्प खोजिरहेका छन भन्ने अन्डरकरन्ट बुझेका रबि लामिछानेले पार्टीको नाम नै स्वतन्त्र राखेर राजनीतिमा हामफालेका घटना यहाँ स्मरण गर्नुपर्छ ।

बालेन अहिले पनि चर्चित र लोकप्रिय मेयर हुन । स्वतन्त्र रूपमा उम्मेदवारी दिँदा कसैले बालेनले जित्छ भन्दैनथे । तर ठूला पार्टीका अलोकप्रिय उम्मेदवार हुनु र वितृष्णा चरमढंगले बढ्दा बालेनले बाजी मारे । आज बालेनको इमेज बलिउडको सेलिब्रेटी जस्तो छ । सामाजिक सञ्जाल हेर्दा यिनी लोकप्रियताको शिखरमा छन् । आखिर बालेनले त्यसको चमत्कारी काम के गरेका छन् र ? यिनले ठूला-ठूला विकासका काम गरेको पनि देखिँदैन । नियमित महानगरले गर्ने काम नै यिनले पनि गरेको देखिन्छ ।

तर पनि यिनी हाइहाइ छन् । न्यूरोडको फुटपाथ होस् वा बागमती किनारमा रहेका सुकुम्बासीको मुद्दा होस्, केपी ओली नै यिनीसँग ठोक्किन आइपुग्छन् । ८४ को निर्वाचनमा बालेन पार्टी खोलेर आउँछन् वा आउँदैनन् प्रष्ट छैन । यदि यिनी राजनीतिक दल खोलेर आए भने ठूला पार्टीका लागि ठूलो चुनौती हुन सक्छन ।

नयाँ बन्ने दलहरूले नीति, विचार, कार्यक्रममा स्पष्टता ल्याउन सके, यिनै आकर्षणको केन्द्र हुन सक्छन । २०८४ को निर्वाचन नयाँ राजनीतिक सम्भावनाहरूको परीक्षण गर्ने महत्वपूर्ण मोड हुनेछ । नयाँ दलहरूको सम्भावना बलियो बनाउने मुख्य आधार, युवा र पहिलोपटकका मतदाताहरूलाई आकर्षित गर्नु, ठोस एजेण्डा प्रस्तुत गर्नु, र संगठनात्मक स्थायित्व कायम गर्नु हो ।

नयाँ दलहरूले स्पष्ट दृष्टिकोणसहित दीर्घकालीन रणनीति अपनाए मात्र, उनीहरू आगामी निर्वाचनमा निर्णायक भूमिका खेल्न सक्षम हुनेछन् । नेपालमा अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको प्रभाव सधैं रहन्छ । चीन, भारत, र अन्य शक्ति राष्ट्रहरूको रणनीतिक स्वार्थले नेपालका राजनीतिक घटनाक्रममा प्रभाव पार्छ । नयाँ दलहरूले आफ्नो परराष्ट्र नीति स्पष्ट पारेर जनताको मन जित्न सक्नुपर्छ ।

जातीय, लैङ्गिक समानता, र क्षेत्रीय विभेद जस्ता मुद्दाहरूलाई नयाँ दलहरूले सही तरिकाले सम्बोधन गर्न सके, जनसमर्थन बढ्छ नै । नयाँ दलहरूले स्पष्ट दृष्टिकोणसहित दीर्घकालीन रणनीति अपनाए मात्र, उनीहरू आगामी निर्वाचनमा निर्णायक भूमिका खेल्न सक्षम हुनेछन् ।

माथि उल्लेखित कुरा हुन सकेन । सशक्त विकल्प देखिएन भने परम्परागत पार्टी कांग्रेस, एमाले, माओवादी नै जनताको रोजाइ हुनसक्छ । चितवन, तनहुँको उपनिर्वाचनमा जनताले ठूला पार्टीप्रति देखाएको आक्रोश पछिल्ला उपनिर्वाचनमा देखिएन । ठूला पार्टीलाई नै जनताले रोजे ।

पछिल्लो ४१ ठाउँ भएको चुनावमा रास्वपाले एउटा वडा जित्यो, बाँकी पत्ता सफा भयो । राप्रपाको कन्तबिजोग देखियो । त्यसैले सशक्त वैकल्पिक शक्तिको उदय हुन सकेन भने ८४ मा यहीं ठूला पार्टी फेरि पनि शक्तिका रूपमा स्थापित हुन सक्छन् । अझ कांग्रेस र एमाले सरकारमा छन् । यिनले गठबन्धन गरेर उम्मेदवारी दिए भने अन्य शक्तिको अवस्था के होला ?

साना दलहरूको अस्तित्व समाप्त पार्न एकातिर थ्रेसहोल्ड बढाउने सरकारी तयारी छ । संविधान संशोधनमार्फत सरकार समानुपातिकमा समेत पुनर्विचार गर्ने मानसिकता छ । दुई ठूला पार्टी सरकारमै रहेको अवस्थामा, यिनको विरोधमा ठूलो लहर आउन पनि सक्छ। पछिल्लो उपनिर्वाचनमा माओवादी लोकप्रिय देखियो । भ्रष्टाचारविरोधी प्रचण्डको कदमलाई आमजनताले सकारात्मक रूपमा हेरे ।

माओवादी उपनिर्वाचन र दक्षिण आशिर्वादले हौसिएको अवस्था छ । ८४ मा माओवादीलाई पुरानै अवस्थामा पुऱ्याउने उद्घोष प्रचण्डले गरेका छन् । तसर्थ, २०८४ को निर्वाचन सबैका लागि उत्सुकता छ नै । अझ यो नेपाली लोकतन्त्रको परिपक्वताको परीक्षा पनि हो । अस्तु ।

# डिप्रेसनमा पुऱ्याउने लोकसेवा !



✍विदुरप्रसाद दाहाल

एकाएक अनलाइनहरू समाचार आउन थाले– 'भक्तपुरको बालकोटमा बाबुछोराको हत्या' । जेठा छोरा मिलन शङ्काको घेरामा ! नभन्दै मिलनले प्रहरीसमक्ष आत्मसमर्पण गरेर भने, 'बाबु र भाइको हत्या मैले नै गरेको हुँ ।'

घटनाको पिँधमा बेरोजगारीले उत्पन्न गरेको लघुताभास र चरम निराशा देखिन्छ, यसलाई सरकार र सबैले बुझ्न जरुरी छ ।

खोटाङका मिलन रोजगारीको खोजीमा भएका आम युवामध्येका एक हुन् । उनको सपना लोकसेवा पास गरेर सरकारी जागिर खाने थियो । लोकसेवा पढ्न र सरकारी जागिर खान उनका बाबा उनलाई बारम्बार सम्झाइरहन्थे । यसले उनलाई थप दबाब सिर्जना गर्‍यो । प्रयास नगरेका पनि होइनन् उनले । सरकारी जागिर सीमित छ । वार्षिक झन्डै १५ हजारले लोकसेवामार्फत रोजगारी पाउँछन् । जब कि विश्वविद्यालयले वार्षिक एक लाखको हाराहारीमा स्नातक, स्नातकोत्तर, एमफिल तथा पीएचडीको उपाधिबाट विद्यार्थी दीक्षित गर्छन् । यसमध्ये ८५ हजार विद्यार्थीमा रोजगारी र अवसरको चिन्ता हुन्छ । मिलन तिनै दीक्षितमध्येका एक थिए । पटक-पटक (६-७ पटक) लोकसेवा असफल हुँदा निराशा थपियो । आफूलाई बोझ सम्झन थाले । गहिरो लघुताभासले डेरा जमायो ।

निसन्देह नेपालको लोकसेवाको विश्वसनीयतामा कुनै प्रश्न छैन, निर्विवाद छ । छनोटको तरिका व्यावहारिक र समयसापेक्ष भएन कि भन्ने मात्र गुनासो हो ।

'स्वससंन्या अयानिछुस धासूगोशोस्व शिभारोश्रस्वा खाआमबाद जेसासुउदेसं' (मौलिक हकका अघिल्ला अक्षर) नेपालको संविधानका मौलिक हकको यो फर्मुला घोकेर लोकसेवा पास गर्नेले कहाँ र कसरी प्रयोग गर्लान् यसलाई ? सुशासन र कार्य प्रभावकारितासँग यो कसरी जोडिएला ?

घोकन्ते प्रश्नले के काम सिकाउला ? फलानो समुद्र कति गहिरो छ ? पहाड कति अग्लो छ ? भन्नेजस्ता स्मरण गर्ने प्रश्नको जमाना सकियो अब । हात-हातको स्मार्ट फोनले गुगल र एआईको सहयोगमा सेकेन्ड भरमा त्यसको उत्तर दिन्छ । तिनलाई किन घोक्नुपऱ्यो ? यस्तै प्रश्नहरुले हुन सक्छ, मिलनलाई परीक्षामा असफल बनाएको । त्यही अफसफताले हो, उनलाई मानसिक रूपमा विक्षिप्त बनाएको ।

यस प्रतिनिधि घटनाले लोकसेवाको परीक्षा प्रणालीमा सुधार आवश्यक छ भन्ने देखाउँछ । वास्तवमा यो लोकसेवा होइन, यो घोकसेवा हो, जसले घोक्छ वा कण्ठ गर्छ, उही पास हुन्छ ।

भविष्यमा पास हुनेले कस्तो कार्य-सम्पादन गर्लान् भन्ने लोकसेवाले परीक्षण गर्दैन, उसको कार्य अभिरुचि परीक्षण गर्दैन । लोकसेवाले अब्बल भनेर छानेका कर्मचारीको आचरण भ्रष्ट छ भन्ने आमगुनासो छ ।

घोक्न र कण्ठ गर्न नसक्ने ए ग्रेडका अब्बलहरू विदेश पलायन भए । पलायन हुनुको मुख्य कारण रोजगारी नै हो । देशमा रोजगारी र अवसर पाउन कठिन छ । रोजगारी पाए पनि इमानदार ढङ्गले कमाउन सकिँदैन । सरुवा-बढुवामा र ाजनीति हाबी हुन्छ । कर्मचारी तन्त्रलाई राजनीतिले गिजोलेको छ । उद्यम गर्ने वातावरण छैन । यो गञ्जागोलमा रुमलिनुभन्दा देश छोड्नु जाती भन्दै धेरै युवा बाहिरिए । युवाहरूले देशमा भविष्य देखेनन् र बाहिरिने क्रम जारी छ । उनीहरूले पठाएको रेमिट्यान्समा राज्य रमाइरहेको छ ।

रेमिट्यान्स अल्पकालीन हुन्छ भन्ने शासकलाई याद हुनुपर्ने हो । युरोप, अमेरिका र अस्ट्रेलिया जाने युवाहरू उतै सेटल भए भने हालत के होला ? कमसेकम २० वर्षपछिको कुरा त सोच ।

वर्तमान लोकसेवा परीक्षा प्रणालीले अब्बल जनशक्तिलाई भित्र्याउन सक्दैन । सेकेन्ड डिभिजन अर्थात् बी ग्रेड वालाको बाहुल्य छ । यो कुनै आरोप होइन, प्रमाणित कुरा हो ।

यहाँ लोकसेवाको निष्पक्षतामाथि प्रश्न उठाउन खोजिएको हुँदै होइन । विद्यमान परीक्षा प्रणालीमा सामेल भएका मध्येबाट लोकसेवाले राम्रा छानेको छ । मुख्य कुरा परीक्षण प्रणालीमै कमजोरी छ भन्ने निष्कर्ष हो । ए ग्रेडका युवा पलायनलाई लोकसेवाको परीक्षा प्रणालीले सघाइरहेको छ । यसमा कुनै दुविधा छैन, अनुसन्धान गरे हुन्छ ।

मिलनको एक मात्र लक्ष्य थियो, सरकारी जागिर । सरकारी जागिरलाई समाजमा प्रतिष्ठाका साथ हेरिन्छ । त्यो प्राप्तिमा उनी असफल भए र जीवनप्रति नै हरेस खाए । लोकसेवाबाट सिफारिस भएर पाउने जस्तै जागिर अन्य क्षेत्रले दिन सक्थ्यो भने कुरा अर्कै हुन्थ्यो । धेरै मिलनहरूमा खुसीका मुस्कान छरिन्थे । अवस्था त्यस्तो छैन, रोजगारको अवस्था देशमा झन्झन् नाजुक हुँदै छन् ।

अरु क्षेत्रले दिने तलब-सुविधा न्यून छ । त्यो पनि दिगो र भरपर्दो छैन । आकर्षक जागिरका लागि लोकसेवा नै विकल्प बन्यो । तर अहिलेकै अवस्थामा लोकसेवा पास सजिलो छैन । फलामको चिउरा चपाएसरह छ ।

रोजगार सिर्जना गर्ने निजी क्षेत्र थला परेको छ । धेरैजसो निजी क्षेत्रले १५-१७ हजार तलब दिन्छन् । त्यो पनि सजिलै पाइँदैन, पाउन मुस्किल छ । न्यून तलबले जीविको पार्जन कसरी होला ? गुणस्तरीय जीवनपरको कुरा भयो । आधारभूत आवश्यकता पूरा हुने सम्भावना छैन । बेरोजगार र अर्ध-बेरोजगारको चुलो कसरी बल्दो हो ?

राज्यको प्रमुख उद्देश्य रोजगारी सिर्जना हुनुपर्छ अब । शासकहरूले कहिले

...बाँकी पृष्ठ ३ मा

# प्रदेशका ४ जिल्लामा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको ४ जिल्लामा विभिन्न घटनामा ५ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन, दोलखा, काभ्रे र नुवाकोटमा एकैदिन ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको रत्ननगर नगरपालिका-१० स्थित त्रिनेत्र पेट्रोल पम्पअगाडि मोटरसाइकल अनियन्त्रित भई पल्टँदा घाइते भएका मोटरसाइकलको पछाडि सवार पुरुषको मृत्यु भएको छ । सोमबार बेलुका ७ बजेको समयमा पेट्रोल पम्पअगाडि पूर्वपश्चिम राजमार्गमा भरतपुरबाट टाँडीतर्फ जाँदै गरेको बा ९३ प ९३७० नम्बर मोटरसाइकल चालक हेटौँडा-१३ का ३१ वर्षीय प्रताप लामा र पछाडि सवार हेटौँडा-१३ कै ३२ वर्षीय राजकुमार घलान घाइते भएका थिए ।

घाइते दुबै जनालाई उपचारका लागि स्थानीय बकुलहर अस्पताल लगिएकोमा त्यहाँ सामान्य उपचारपश्चात् थप उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो । उपचारको क्रममा घलानको शुक्रबार साँझ ५ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। मोटरसाइकल चालक लामा सोमबार डिस्चार्ज भएका छन् । अनुसन्धानको क्रममा लामा र घलानले मादक पदार्थ सेवन गरेको पाइएको प्रहरीले जानकारी दिएको छ ।

दोलखा जिल्लाको मेलुङ गाउँपालिका-७, सिस्नेरीमा एक जना वृद्ध मृत फेला परेका छन् । शोभा भुजेलको घरमा १६ वर्षदेखि बस्दै आएका नामथर नखुलेका सुनार बाजे भनी बोलाउने अन्दाजी ७० वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार दिउँसो २ बजेको समयमा आँगनको छेउमा मृत अवस्थामा फेला परेका थिए । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि पशुपति चौलागाईं स्मृति अस्पताल, चरिकोट लगिएको छ ।

काभ्रे जिल्लाको भुम्लु गाउँपालिका-४, चौबासमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा उदयपुर जिल्लाको गाईघाटका ४० वर्षीय सुमन बस्नेत रहेको प्रहरीले जानकारी दिएको छ । बस्नेत गत कात्तिक १२ गते चौबासस्थित ससुराली घरबाट हराएका थिए । बस्नेतलाई खोजतलास गर्दै जाँदा शुक्रबार बिहान ९ बनेको समयमा कागुनखोरिया सामुदायिक वनमा शव सडेगलेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

नुवाकोट जिल्लाको ककनी गाउँपालिका-१, कागती गाउँमा ६५ वर्षीया मंगली बलामीको मृत्यु भएको छ । पुस ९ गते मंगलबार दिउँसो ४ बजेको समयमा बलामी अशक्त अवस्थामा फेला परेकी थिइन् । बलामीलाई टिचिङ अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारका लागि केएमसी अस्पताल सिनामंगल लगिएको थियो । उपचारको क्रममा बलामीको शुक्रबार साँझ ५ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

नुवाकोट जिल्लाकै ककनी गाउँपालिका-२, काउले हुलाकडाँडामा सडकमा लडेका ४४ वर्षीय सञ्जीव तामाङको मृत्यु भएको छ । गत पुस ११ गते बिहीबार तामाङ आफ्नै घर छेउको सडकमा लडी घाइते भएका थिए । तामाङको टिचिङ अस्पतालमा उपचारको क्रममा शुक्रबार राति १० बजेर २० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# विद्यालय कर्मचारीको नगर अध्यक्षमा ढकाल

समाज संवाददाता

हेटौंडाः नेपाल विद्यालय कर्मचारी परिषद् हेटौंडा उपमहानगर समितिको अध्यक्षमा पुरुषोत्तम ढकाल सर्वसम्मत चयन हुनुभएको छ । शनिबार परिषद्को प्रथम नगर अधिवेशनले ढकालको नेतृत्वमा १३ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

परिषद्को उपाध्यक्षमा प्रदीप न्यौपाने, महिला उपाध्यक्षमा सुधा नेपाल, सचिवमा युवराज तिमल्सिना, सहसचिवमा राममाया सापकोटा र कोषाध्यक्षमा सन्तोष परियार चयन हुनुभएको छ । सदस्यहरुमा रमेश थापा, सविन बास्तोला, महेशप्रसाद घिमिरे, सावित्री थिङ, वासुदेव लामिछाने, सुजया सुवेदी र चन्द्रावती लामा चयन हुनुभएको छ । नेपाल विद्यालय कर्मचारी परिषद् राष्ट्रिय समिति सचिवालय सदस्य बालकृष्ण दहालको प्रमुख आतिथ्यमा अधिवेशन भएको थियो । अधिवेशनमा कृष्णबहादुर मानन्धर, राजनप्रसाद अधिकारी, सज्जन रिमालगायतको उपस्थिति थियो ।

# प्रेस युनियनद्वारा ४ जनालाई सम्मान

समाज संवाददाता

हेटौंडाः नेपाल प्रेस युनियन मकवानपुरले ४ जनालाई सम्मान तथा पुरस्कार प्रदान गरेको छ। शनिबार सम्पन्न वार्षिक साधारणसभा तथा वनभोज कार्यक्रममा ४ जना पत्रकारलाई सम्मान गरिएको हो ।

नगद पुरस्कारसहित सम्मानित हुनेमा संस्थापक अध्यक्ष राममणि दाहाल, प्रेस युनियनका बागमती प्रदेश सदस्य गंगाप्रसाद पौडेल, गणेश दर्पण अधिकारी र मानवी बानियाँ छन् । दाहाललाई स्वर्गीय सीतादेवी स्मृति प्रेस युनियन पत्रकारिता पुरस्कार-२०८१ बाट नगद १५ हजार रुपैयाँसहित सम्मान गरिएको हो ।

यस्तै, प्रेस युनियन पत्रकारिता पुरस्कार-२०८१ बाट पौडेल, अधिकारी र बानियाँलाई १०/१० हजार रुपैयाँ नगदसहित सम्मान गरिएको छ । नेपाल प्रेस युनियन मकवानपुरका अध्यक्ष सुबास बिडारीको अध्यक्षता तथा नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा ब्लोन, नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, प्रेस युनियनका उपाध्यक्ष नकुल अर्याल, महासचिव दीलिप पौडेल, केन्द्रीय सदस्य राजन दाहाल खुसराज, सविना पौडेललगायतको उपस्थिति रहेको थियो ।

युनियनले नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गर्दै अध्यक्ष बालकृष्ण अधिकारीलाई प्रमाणपत्रसमेत प्रदान गरेको थियो ।

## डिप्रेसनमा पुऱ्याउने...

बुझ्लान् र सोच्लान यो कुरा ? संविधानको धारा ३३ मा रोजगारीको हक उल्लेख गरेर पुग्दैन । मिलनजस्ता शिक्षित युवाले सजिलै रोजगारी पाउनुपर्छ । बल्ल रोजगारको मौलिक हकले सार्थकता पाउँछ । कागजमा लेखेर अर्थ हुँदैन, त्यो व्यवहारमा आउनुपर्छ ।

देश युवाविहीन हुनुका धेरै कारण होलान् तर प्रमुख कारण रोजगारी र अवसर अभाव नै हो । रोजगारी नपाउँदा ज्यान त्याग्न खोज्नेहरूलाई सरकारले कहिले सम्बोधन गर्ला ? लेखको मूल प्रश्न यही हो ।

जागिरका लागि कार्य क्षमता, कार्य दक्षता र व्यावहारिक सीप हेर सरकार ! घोक्न र रट्न नसक्नेहरू डिप्रेसनमा पुगे, रोजगारीको खोजीमा रहेका तमाम युवालाई रोजगारीको हक चाहिन्छ । संविधानमा लेखेको अधिकार दे सरकार ! देशमै गरिखान चाहन्छन् तिनीहरू !

*(लेखक दाहाल ग्रामीण विकासमा स्नातकोत्तर हुन् । त्रिभुवन विश्वविद्यालयमा कार्यरत छन् । स्रोतः रातोपाटी)*

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

*प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास समृद्धि"*

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*(सूचना प्रकाशन मितिः २०८१/०९/२१)*

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यालयबाट सार्वजनिक सूचना मार्फत बोलपत्र आव्हान भए बमोजिम तपसिलको कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्येबाट न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७, उपदफा २, ३ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.न. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (पि.यस. र मु.अ.क. समेत) रु. | कै. |
|---|---|---|---|---|---|
| १. | IRM/NCB/ Roads/ ०१/०८१/०८२ | सानोटार ठुलटार अदुवाबारी सुलीकोट जोड्ने सडक इन्द्रसरोवर २, ३ | M/s ARON – GURU SIPALI JV Kathmandu Kathmandu Nepal | १,१५,१६,२९६.२१ | |

**प्रमुख प्रशासकीय अधिकृत**

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

## चित्रकला





नवीन चौहान
कक्षा-१

## मेरी आमा



**सुप्रिम कार्की**

मिहिनेती मेरी आमा
बिहान छिट्टै उठ्छिन्
चिया बिस्कुट ल्याएर
मलाई उठाउँछिन्

आँखा चिम्म गरेर म
सुते जस्तै गर्छु
अनि उनलाई झुक्याएर
झट्ट म्वाइँ गर्छु ।

रुझी भिजी दुख सही
आमा मलाई बढाउँछिन्
आफू दुख गरेर
मलाई स्कूल पठाउँछिन् ।

*कक्षा-४*

## साथी



**डेनिशा कटुवाल**

तिम्रो पनि साथी
मेरो पनि साथी
हामी दुइटैको
टंकी शिरमाथि

हान्यो जब लाती
चस्क्यो अनि छाती
यस्ता सह साथी
केको हुनु जाति

ऐया जब सुन्छ
दंगै झन हुन्छ
केही नबुझेझैं
के भो पनि भन्छ ।

खेल्नतिर लाने
झाँको अब झार्ने
को हौ भन साथी
ओहो अब भन्ने ।

## करेला र बरेला



**सुवाश्ना शर्मा**

बिहान उठी करेला
भन्छ भयो अबेला
सुन्छ कहाँ बरेला
भन्छ अहिले नबोल

काँधमाथि झोला
तर्नु पर्छ खोला
नहोस् कतै झमेला
भन्छ करेला

झिम्क्याउँछौ परेला
करेला र बरेला
रमाईले छ मेला
खेल्न थाले खेला ।

*कक्षा-१*

# प्रदेश लिग फुटबलको उपाधि काठमाडौंले जित्यो



*हेटौंडा उपमहानगरपालिकाको कार्यालय अगाडि रोकी राखेका टिपरहरु ।*

समाज संवाददाता

हेटौंडाः दोस्रो संस्करणको बागमती प्रदेश लिग फुटबल प्रतियोगिताको उपाधि काठमाडौंको चित्लाङ फुटबल क्लबले जितेको छ । शनिबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सम्पन्न भएको फाइनल खेलमा दोलखाको टाइगर टिम तिखाताललाई ३-० गोलले हराउँदै काठमाडौंको चित्लाङ फुटबल क्लबले उपाधि जितेको हो ।


उपाधि जितेसँगै काठमाडौंको चित्लाङ फुटबल क्लबले दुई लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता दोलखाको टाइगर टिम तिखातालले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। बागमती प्रदेश फुटबल संघका कार्यवाहक अध्यक्ष राजीवमान बस्नेतको सभाध्यक्षता तथा अखिल नेपाल फुटबल संघ (एन्फा) का केन्द्रीय अध्यक्ष पंकजविक्रम नेम्वाङको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको हो ।

काठमाडौंको जीतमा पहिलो हाफको २५ मिनेटमा सुजित बुढाथोकीले गोल गर्दै पहिलो अग्रता दिलाएका थिए । दोस्रो हाफको ७४ मिनेटमा सुजित बुढाथोकीले अर्को गोल थप्दै अग्रतालाई बढाएका थिए । २-० गोलले पछि परेको दोलखाको टाइगर टिम तिखातालविरुद्धको खेलको अन्तिम समयमा काठमाडौंका आयुष कुँवरले एक गोल थप्दै टिमलाई जीत दिलाएका हुन् । खेलको म्यान अफ म्याच सुजित बुढाथोकी घोषित भएका छन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै चित्लाङ फुटबल क्लबका सुजित बुढाथोकीले १५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् । यस्तै, प्रतियोगिताको हाइ स्कोर चित्लाङकै सुजित बुढाथोकी, उत्कृष्ट गोलरक्षक चित्लाङका चन्द्रशेखर श्रेष्ठ, उत्कृष्ट डिफेन्डर चित्लाङका जनक कोइराला, उत्कृष्ठ मिडफिल्डर चित्लाङका विज्ञान खड्का, उत्कृष्ट फरवार्ड दोलखाका सुजन माझी र उत्कृष्ट कोच चित्लाङका रुपेश क्षेत्री घोषित हुँदै जनही ५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् ।

बागमती प्रदेशका १३ जिल्लामध्ये ११ जिल्लाको लिग विजेता फुटबल क्लबको प्रतियोगितामा सहभागिता रहेको थियो । अखिल नेपाल फुटबल संघ (एन्फा) र प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको प्रमुख सहयोगमा सम्पन्न भएको प्रतियोगितामा हेटौंडा उपमहानगर पालिकाको पनि सहयोग रहेको छ ।

बुधबार भएको पहिलो सेमिफाइनल खेलमा दोलखाको टाइगर टिम तिखातालले सिन्धुलीको ब्लुअल्पाइन क्लबलाई २-१ गोल अन्तरले पराजित गरेको थियो भने काठमाडौंको चित्लाङ फुटबल क्लबले बिहीबारको सेमिफाइनल खेलमा ललितपुर फुटबल क्लबलाई ३-१ गोल अन्तरले पराजित गरेको थियो ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ